# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎: ०२१-४६१२४०
इमेल : puoemgt@puexam.edu.np
वेबसाइट : www.puexam.edu.np


प.सं. : ९६४/०७९-०८०
च.नं. :

मितिः २०७९/११/३०

श्री क्याम्पस प्रमुखज्यू,

विज्ञान तथा प्रविधि एवं ईन्जिनीयरिङ्ग संकाय अन्तर्गत स्नातक तह (Bachelors' Level) का कार्यक्रम(हरु) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस/कलेजहरु

**विषयः नाम–दर्ता (Registration) बारे ।**

उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक सत्र २०७९/०८० (ई.सं. २०२२) मा विज्ञान तथा प्रविधि एवं ईन्जिनीयरिङ्ग संकाय अन्तर्गत सञ्चालित स्नातक तह (Bachelors' Level) का विभिन्न शैक्षिक कार्यक्रमहरूमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता (Registration) गर्न गराउन सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका*मा उल्लेखित विभिन्न शैक्षिक कार्यक्रमहरूका लागि विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या (Quota) को सीमामा रही भर्ना भएका विद्यार्थीहरूबाट तोकिएको समयावधि भित्र रजिस्ट्रेशन फर्म भरी/भराइ Online website मार्फत सम्पूर्ण विद्यार्थीहरूको आवश्यक विवरण अनिवार्य भरी निर्देशिका*मा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको बैंक भौचरसहित मिति २०८०/०१/०५ (ई.सं. २०२३/०४/१८) गते भित्र परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।

पुनश्चः तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर दस्तुर सहित मिति २०८०/०१/१२ (ई.सं. २०२३/०४/२५) गते भित्र उपरोक्तानुसार (Online समेत) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको बैंक भौचरसाथ परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउनु पर्नेछ । Online मार्फत नाम तथा विवरण नभरेका विद्यार्थीहरूको रजिस्ट्रेशन फर्म स्वीकार गरिने छैन तथा Online मार्फत नाम तथा विवरण भरेका तर रजिस्ट्रेशन फर्म प्राप्त नभएका विद्यार्थीहरू समेत नाम-दर्ता (Registration) का लागि योग्य हुने छैनन् ।

तोकिएको समय पश्चात Online मार्फत विद्यार्थीहरूको नाम लगायत विवरण भर्ने सुविधा बन्द हुने भएकाले सोही अनुसार विद्यार्थीहरूको रजिस्ट्रेशन सम्बन्धी विवरण भर्ने भराउने व्यवस्था समयमैं मिलाउन जानकारी गराउँदै Online मार्फत रजिस्ट्रेशन सम्बन्धी विवरण नभरेका कारणले विद्यार्थीहरूको नाम-दर्ता (Registration) हुन नसकेमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित क्याम्पस/कलेजले नै लिनु पर्नेछ ।

माथि उल्लेखित सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* तथा रजिस्ट्रेशन फर्महरू परीक्षा व्यवस्थापन कार्यालयको वेबसाइट www.puexam.edu.np बाट उपलब्ध गर्न सकिनेछ । नाम-दर्ता (Registration) सम्बन्धी आवश्यक सोधपुछका लागि कार्यालयको फोन नं. ०२१-४६४५०२ मा सम्पर्क गर्न सकिनेछ ।

.................................
अजय कुमार साह
(नि. परीक्षा नियन्त्रक)